# सिमकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

**प.सं.-२०८२।०८३ (शिक्षा,युवा तथा खेलकुद शाखा)** मितिः २०८३।०३।२१

चलानी नं.- २४५८ नेसं. : ११४६ तछलागा, आइतवार

**विषय: विद्यालयमा निकासा भएको शीर्षकगत विवरणको बिल भरपाई पेस गर्ने सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालय सबै
सिमकोट गाउँपालिका ,हुम्ला ।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ मा विद्यालयलाई विभिन्न शीर्षकहरू (जस्तै: विद्यालय सञ्चालन अनुदान, छात्रवृत्ति, पाठ्यपुस्तक, दिवाखाजा, विद्यालय सुधार योजना लेखा परीक्षण र शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्य सम्पादनमा आधारित अनुदान र सेनिटरी प्याड) अन्तर्गत निकासा भएको रकमको नियमानुसार खर्च भएको बिल भरपाई, विद्यालयको प्रतिवेदन र विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि यस कार्यालयको शिक्षा,युवा तथा खेलकुद शाखामा पेस गर्नुहुन् अनुरोध छ । विद्यालयले रकम निकासा भई खर्च भएका सम्पूर्ण शीर्षकहरूको फाँटवारी र सक्कल बिल भरपाईहरू IEMIS मा बमोजिम तयार गरी यो पत्र प्राप्त भएको मितिले १० (दश) दिनभित्र अनिवार्य रूपमा पेस गर्नुहुन् सादर अनुरोध छ । तोकिएको समयभित्र बिल भरपाई पेस नगरेमा आगामी त्रैमासिकको रकम निकासा रोक्का हुन् सक्ने र त्यसबाट पर्न जाने असरको जिम्मेवार स्वयं विद्यालय र प्रधानाध्यापक हुनुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**<u>संलग्न हुनुपर्ने कागजातहरू:</u>**

* विद्यालय व्यवस्थापन समितिको खर्च अनुमोदन गर्ने निर्णयको प्रतिलिपि ।
* शीर्षकगत खर्च विवरण (आन्तरिक लेखापरीक्षण फारामहरू) ।
* सक्कल बिल, भरपाई र सोसँग सम्बन्धित कागजातहरू ।
* विद्यालयमा सामान खरिद गरेको भए दाखिला फाराम र सोसँग सम्बन्धित कागजातहरू ।
* आ.व.२०८२।०८३ को वार्षिक शैक्षिक प्रगति प्रतिवेदन र सोसँग सम्बन्धित कागजातहरू ।

.........
भलाराम पंगाली
प्रमुख प्रशासकीय अधिकृत